नगर कार्यपालिकाको
बैठक संख्याः ७८, २०७९-२०८४
मिति २०८३/०५/०५ को
निर्णय प्रमाणित ........

कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ७८, २०७९-२०८४)

मिति : २०८३ भाद्र ०५ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरियो। कार्यपालिकाबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित शाखा, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने ।

२. आकृती एड्भरटाइजिङ, पोखरीया, विराटनगरबाट प्राप्त पत्र अनुसार कोहलपुर नगरपालिका क्षेत्रअन्तर्गत कोहलपुर– नेपालगञ्ज, चप्परगौडी– कोहलपुर तथा कोहलपुर– सुर्खेत सडकखण्डका उपयुक्त स्थानहरूमा ४० थान पोल जडान गरी २.५ फिट × ४ फिट आकारका विज्ञापन बोर्ड राखी व्यापारिक विज्ञापन सञ्चालन गर्न प्रचलित कानून, नगरपालिकाको आर्थिक ऐन तथा सम्बन्धित निकायका मापदण्डको अधीनमा रही अनुमति प्रदान गर्ने । उक्त पोल तथा बोर्डहरू नगरको सौन्दर्यता कायम हुने गरी एकरूपताका साथ जडान गर्नुपर्ने, जडान पश्चात् कम्तीमा १५ वर्षसम्मको मर्मत सम्भार तथा विद्युत महसुल सम्बन्धित संस्थाले नै व्यहोर्नुपर्ने तथा नगरपालिकालाई बुझाउनुपर्ने कर, शुल्क तथा दस्तुर प्रचलित कानूनबमोजिम बुझाउनुपर्नेछ। साथै, विगतमा सम्झौता भइसकेका पोलहरू बाहेकका अन्य पोलहरूमा समेत नगरपालिकाको स्वीकृति लिई विज्ञापन सञ्चालन गर्न सकिनेछ ।

३. कोहलपुर नगरपालिका वडा नं. ८ निवासि विष्णु कुमारी ओली (ना.प्र.नं. ११६१४ बाँके) ले वडा कार्यालयको सिफारिससहित पेश गर्नुभएको निवेदन तथा संलग्न कागजातहरू उपर छलफल गर्दा निजको नाममा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, चटार– ८ग, कित्ता नं. २८७४, क्षेत्रफल ०– ०– ११– ० जग्गामा "तुलसी निर्माण सेवा" नामको व्यवसाय सञ्चालन गर्ने देखिएको र स्थलगत सर्जमिनबाट समेत व्यवसाय सञ्चालनमा कुनै बाधा/असर नपर्ने देखिएकोले प्रचलित कानून तथा मापदण्डबमोजिम "तुलसी निर्माण सेवा" लाई घ वर्गको निर्माण व्यवसाय इजाजतपत्र प्रदान गर्ने ।

४. कोहलपुर नगरपालिका वडा नं. ३ स्थित पुरैनी तालमा मिति २०८३/०३/२६ गते आशा विककी छोरी कामाक्षी वि.क. तथा सोही वडा नं. ३ को मैटहवा क्षेत्रमा मिति २०८३/०४/१३ गते सेफ्टी ट्याङ्कीमा डुबेर प्रकाश थारु, कालुराम थारु र बिर्जा थारुको दुःखद निधन भएको हुँदा मृतकका परिवारप्रति समवेदना प्रकट गर्दै ४ जना मृतकका आफन्तलाई किरिया खर्च वापत जनही रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) का दरले उपलब्ध गराउने ।

५. कोहलपुर नगरपालिका चौराहामा नगरपालिकाबाट निर्मित सार्वजनिक शौचालयलाई सेवाग्राहीहरूले निःशुल्क प्रयोग गर्न पाउने व्यवस्था कायम राख्दै, शौचालयले चर्चेको जग्गा तथा शौचालयसँग जोडिएको उपयोग गर्न मिल्ने क्षेत्रलाई व्यवस्थित रूपमा उपयोग गर्ने प्रयोजनका लागि उक्त क्षेत्रमा स्थायी संरचना निर्माण नगर्ने गरी निर्मित संरचनामा पसल तथा व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट प्रस्तावना/आवेदन माग गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गर्ने । उक्त सूचना प्रकाशन गर्दा अधिकतम ५(पाँच) वर्षसम्म निर्मित संरचनामा व्यवसाय सञ्चालन गर्न सकिने, नगरपालिकाले निर्धारण गरेको शुल्क/बहाल बिटौरी तथा अन्य प्रचलित कर, दस्तुर बुझाउनुपर्ने र नगरपालिकाले तोकेका अन्य शर्तहरू पालना गर्नुपर्ने विषय स्पष्ट रूपमा उल्लेख गरी सूचना प्रकाशन गर्ने ।



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत